नेपाली राजदूतावास
Embassy of Nepal
Berlin, Germany

# प्रेश विज्ञप्ती

जर्मनीको राजधानी बर्लिनमा मिति ०४ देखि ०६ मार्च २०२५ सम्म आयोजना भै राखेको ITB Berlin 2025 को अवसरमा नेपालको पर्यटन प्रबर्द्धन गर्ने उदेश्यले नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा नेपाली राजदूतावास, बर्लिनले मिति ०४ मार्च २०२५ मा Nepal Evening को भव्य आयोजना गरेको थियो।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै ITB Berlin 2025 मा सहभागी हुन आउनुभएका माननीय सँस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा नेपालको पर्यटन, कला तथा सँस्कृतिका विविध पक्षहरूको प्रवर्द्धन गरिएको थियो। कार्यक्रममा माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूले नेपालको पर्यटनका विविध पक्षहरूका बारेमा प्रकाश पार्दै जर्मन नागरिकहरूलाई नेपाल भ्रमणको लागि आह्वान गर्नुभएको थियो। जर्मनीका लागि नेपाली राजदूत महामहिम डा. शैल रुपाखेतीले नेपालको पर्यटन, सँस्कृति, कला, प्रत्यक्ष वैदेशिक लगानी लगायतका द्विपक्षीय विषयहरूमा आफ्ना भनाईहरू राख्नुभएको थियो। सोही अवसरमा नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख श्री दिपकराज जोशीले नेपालको पर्यटनको पछिल्लो अवस्था र त्यस्को विकासको लागि गरिएका प्रयासहरूका बारेमा प्रकाश पार्नुभएको थियो।

बोर्डका वरिष्ठ प्रबन्धक श्री रोहिणी प्रसाद खनालले Destination शीर्षकमा प्रस्तुती दिदै नेपाल भ्रमण गर्नु किन महत्वपूर्ण छ भन्ने बारे वर्णन गर्नुभएको थियो। World Travel Network का प्रमुख Mr. Jurgen Steinmertz ले नेपाल भ्रमणको आफ्नो ४० बर्षको अनुभवहरूका बारेमा जानकारी गराउनुभएको थियो। कार्यक्रममा विगत तीन दशकदेखि जर्मनीमा नेपालको पर्यटन प्रबर्द्धन गर्न सक्रिय भूमिका खेल्नुहुने श्री दिल गुरुङ्गलाई नेपाल पर्यटन बोर्डले Tourism Emissary बाट सम्मान गरेको थियो। स्थानीय नेपाली कलाकारहरूले नेपालको कला, सँस्कृति र परम्परा झल्किने गरी नृत्यहरू प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन नेपाली राजदूतावास, बर्लिनका नियोग उपप्रमुख श्री सागर प्रसाद फुयालले गर्नुभएको थियो। कार्यक्रममा विभिन्न मुलुकका राजदूतहरू, पर्यटनसँग आवद्ध व्यक्ति तथा संघ संस्थाका प्रतिनिधहरू गरी करिब २०० जनाको उपस्थिति रहेको थियो। औपचारिक कार्यक्रमको समापन पश्चात आमन्त्रित पाहुनाहरूका लागि नेपाली खानाको प्रबन्ध गरिएको थियो। साथै, सहभागीहरू सबैलाई पर्यटनसँग सम्बन्धित प्रचार सामाग्रीहरू वितरण गरिएको थियो।

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np

नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

माननीय मन्त्रीज्यूबाट ०५ मार्च २०२५ का दिन ITB Ministers' Summit मा सक्रिय सहभागिता रहेको थियो। महामहिम राजदूत समेतको उपस्थिति रहेको उक्त सम्मेलनको मुख्य नारा Enhancing Investment, Ensuring Peace: Harnessing Growth, Shaping the Future रहेको थियो।

०५ मार्च २०२५ कै दिन World Tourism and Aviation Summit 2025 मा माननीय मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूलाई नेपालको पर्यटन क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै Pacific Area Travel Writers Association (PATWA) ले Tourism Minister of the Year नामक अवार्डबाट सम्मानित गरेको थियो। उक्त समारोहमा महामहिम राजदूत डा. शैल रुपाखेतीज्यूको समेत उपस्थिति रहेको थियो।

यस अघि माननीय मन्त्रीज्यू, महामहिम राजदूत तथा नेपाली प्रतिनिधिमण्डलका सदस्यहरू ITB Berlin 2025 को ०३ मार्च २०२५ को साँझ उदघाटन समारोहमा सहभागी हुनुभएको थियो। करिब १९० मुलुकको सहभागिता रहेने यस मेलाको पार्टनर कन्ट्रीको जिम्मेवारी यस पटक अल्बानियाले पाएको छ। नेपालबाट नेपाल पर्यटन बोर्ड र निजी क्षेत्रका २८ वटा पर्यटन व्यावसायसँग सम्बन्धित कम्पनीहरूको सहभागिता रहेको ITB Berlin 2025 को समापन आज, ०६मार्च २०२५ मा हुने छ।

०६ मार्च २०२५
नेपाली राजदूतावास, बर्लिन।

नेपाली राजदूतावास
बर्लिन

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np